# नगराईन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : २ मिति : २०८०/०६/२७

## भाग–१

## नगराईन नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

**नगराईन, धनुषा**

**मधेश प्रदेश, नेपाल**

करार सेवामा पालिका शिक्षक नियुक्ति तथा परिचालन कार्यबिधि, २०७९

# करार सेवामा पालिका शिक्षक नियुक्ति तथा परिचालन कार्यबिधि ,२०७९

**प्रस्तावना :**

यस नगरपालिका अन्तरगत शिक्षक विधार्थी अनुपात धेरै भएका, प्रचलित कानुन तथा मापदण्ड बमोजिम अंग्रेजी गणित र अन्य विषय शिक्षक अपुग भएका वा त्यस्ता विषय शिक्षक दरबन्दी नभएका सामुदायिक विधालय र प्राविधिक धारको शिक्षा विस्तार गरेका विधालयमा भएको अभावलाई एस.ई.ई.प्रमाणपत्र तह, स्नातक तह वा स्नातकोतर तह उतिर्ण गरेका युवालाई पालिका शिक्षकको रुपमा प्रभावकारी र पारदर्शी ढंगले परिचालन गरि सम्बोधन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरि नगराईन नगरपालिकाले पालिका शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि २०७९ बनाइ लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संग्क्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम पालिका शिक्षक नियुक्ति तथा परिचालन सम्बन्धि कार्यविधि २०७९ रहेको छ ।

२. **परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) " विधालय " भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृत लिई संचालनमा रहेको सामुदायिक विधालय सम्झनु पर्छ ।

ख) "समिति " भन्नाले पालिका शिक्षक छनौट तथा सिफारिस समिति सम्झनु पर्छ ।

ग) " स्थानीय तह " भन्नाले नगराईन नगरपालिका सम्झनुपर्छ ।

घ) " पालिका शिक्षक " भन्नाले यस कार्यविधि बमोजिम नियुक्त शिक्षक सम्झनुपर्छ ।

ङ) " नगर शिक्षा समिति " भन्नाले नगराईन नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्छ ।

## ३. उदेश्यहरु

क) सामुदायिक विधालयमा बाल शिक्षक,प्राथमिक,निम्न माध्यमिक,माध्यमिक तहमा गणित,अंग्रेजी,विज्ञान र अन्य आवश्यक विषयमा देखिएको शिक्षक अभावलाई आंशिक रुपमा पूर्ति गर्ने ।

ख) एस.ई.ई.प्रमाणपत्र तह , स्नातक तह वा स्नातकोतर तह उतिर्ण गरेका युवालाई पालिका शिक्षकको मार्फत राष्ट्र सेवा गर्ने मौका उपलब्ध गराई नगरपालिका र देशको भौगोलिक स्थितिको ज्ञानका साथै व्यावहारिक तथा जिवानौपयोगी सिप एवं ज्ञान प्राप्त गर्ने अवसर प्रदान गर्नु ।

ग) युवा वर्गमा शिक्षण सिप,दक्षता र नेतृत्व विकासको अवसर उपलब्ध गराउनु ।

घ) विधालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुर्याउनु ।

## परिच्छेद -२

### ४. छनौट तरिका र सिफारिस प्रक्रिया :

१. क) सामुदायिक विधालयले वाल कक्षा,प्राथमिक निम्न माध्यमिक र माध्यमिक ( ९-१० र ९-१२ ) तहमा गणित, विज्ञान, अंग्रेजी र अन्य आवश्यक विषयको दरबन्दी रिक्त भै एक महिना भन्दा बढी समय सम्म शिक्षक नियुक्ति हुन नसक्ने भएमा वा विधालयमा कुनै विषयको दरबन्दी नभएर शिक्षक आवश्यकता भएमा वा बिधार्थीको चाप आबश्यक भन्दा बढी भएमा उक्त विधालयले शिक्षा शाखामा निबेदन दिनु पर्ने छ ।

ख) नगरपालिकाले एकै पटक सुचना जारि गरि विधालयलाई आवश्यक पर्ने विषय खुलाई पालिका शिक्षक माग गर्न सामुदायिक विधालयहरुलाई अहवान गर्ने सक्ने छ ।

ग) विधालयबाट माग भई आएका निबेदन अनुसार विषय र शिक्षक व्यबस्थापन गर्न शिक्षा शाखाले नगर शिक्षा समिति समक्ष पेश गर्नु पर्ने छ ।

घ) नगर शिक्षा समितिले शिक्षा शाखाबाट पेश भएका निबेदन हेरी विधार्थी संख्या वितरण भएको दरबन्दी संख्या र विषयको अध्ययन गरि विषय संख्या र विधालयहरुलाई वितरण गर्न कोटा निर्धारण गर्नेछ । यसरी कोटा निर्धारण गर्दा वाल शिक्षक तथा आधारभूत तहको प्राथमिक कक्षा १-५ का लागि आवश्यक हुने शिक्षक कोटामा नगराईन नगरपालिका भित्रका व्यक्तिहरुले मात्र छनौटमा सहभागी हुन पाउने तथा आधारभूत तहको निम्न माध्यमिक र माध्यमिक तहको विषयगत कोटामा पालिका भित्र तथा धनुषा जिल्ला भित्रका सहभागीलाई

प्राथमिकता दिई छनौटमा सहभागी हुन पाउने छन् । साथै कुनै विज्ञ व्यक्ति निशुल्क रुपमा विधालयमा सहयोग गर्न आएमा नगरपालिकाको अनुमति लिई स्वयमं सेवा गर्न कुनै बाधा पर्ने छैन ।

ङ) नगर शिक्षा समितिले निर्णय गरे बमोजिम पालिका शिक्षक छनौट तथा नियुक्तिका लागि छनौट तथा सिफारिस समितिले निर्णय गरि शिक्षा शाखाबाट ७ दिनको म्याद राखी दरखास्त आहवानको सुचना प्रकाशित गर्नु पर्ने छ ।

च) सुचना प्रकाशन भए पश्चात देहायका योग्यता पुगेका व्यक्तिबाट दरखास्त दिन सक्ने छन् । उम्मेदवारले अनुसूची -१ बमोजिमको ढाँचामा निबेदन पेशगर्नु पर्ने छ ।

- नेपाली नागरिकता प्राप्त व्यक्ति
- १८ बर्ष पुरा भै ४० बर्ष ननाघेको
- मगज नबिग्रेका
- नैतिक पतन देखिने फैजदारी अभियोगमा अदालतबाट कसुरदार नठरिएका
- सम्बन्धित विषयमा न्युनतम योग्यता प्राप्त गरेका - ( वाल कक्षाका लागि एस.ई.ई उतिर्ण , आधारभूत तहका लागि कक्षा १२ वा सोसरह उतिर्ण , तथा मा बि तह ९-१० र ९-१२ का लागि क्रमश: स्नातक र स्नातकोतर तह उतिर्ण ) , शिक्षक सेवा आयोग को नियमानुसार योग्यता हुने पर्ने छ ।

छ) पालिका शिक्षकको समयावधि नगर शिक्षा समितिले तोके बमोजिम हुने छ । नगर शिक्षा समितिले नतोकेको अबस्थामा नियुक्ति भएको मितिले बढीमा एक शैक्षिक सत्रको लागि हुने छ । एक शैक्षिक सत्र बिते पछी नगरपालिकाबाट व्यवस्था भएमा सोहि बमोजिम हुने तर नगरपालिकाबाट गर्ने व्यबस्था नभएमा विधालयले पुन सो शिक्षकलाई पारिश्रमिक दिने र निरन्तरता दिने सम्बन्धि निर्णय गर्न पाउने छैन । नगर शिक्षा समितिले कुनै निर्णय गरि म्याद थप गर्न समय दिएमा सोहि बमोजिम हुनेछ ।

## ५. छनौट तथा सिफारिस समिति

१) पालिका शिक्षक छनौटका लागि देहाय अनुसारको एक छनौट तथा सिफारिस समिति रहने छ ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) नगर शिक्षा समितिले तोकेको नगर शिक्षा समितिका सदस्यहरु मध्ये १ महिला सहित २ जना - सदस्य

ग) सामुदायिक माध्यमिक विधालयहरु मध्ये नगर शिक्षा समितिले तोकेको १ जना प्र.अ. _ सदस्य

घ) जिल्ला शिक्षा विकास तथा समन्वय इकाइका प्रतिनिधि १ जना सदस्य

ङ) शिक्षा शाखा प्रमुख - सदस्य

६. पालिका शिक्षक छनौट प्रक्रियालाई निष्पक्ष,पारदर्शी र मर्यादित बनाउन छनौट तथा सिफारिस समितिका सदस्य मध्ये एक जनाको संयोजकत्वमा बढीमा तिन सदस्य रहने गरि छनौट तथा व्यबस्थापन उप समिति गठन गर्न सकिने छ ।

७. दरखास्त अहवानको सुचना प्रकाशन भए पश्चात उम्मेदवारले तोकिएको दस्तुर बुझाएको भौचर सहित तोकिएको समय सिमा भित्र शिक्षा शाखामा रित पुर्वक दरखास्त दिनु पर्ने छ ।

८. शिक्षा शाखाले नगर पालिका सँग समन्वय गरि अन्तरवार्ता मिति तोकिने छ ।

९. छनौटको सम्पूर्ण प्रक्रियाको अनुगमन निरीक्षण नगर प्रमुख,नगर शिक्षा समिति तथा सामाजिक विकास समितिका पदाधिकारीबाट हुन सक्ने छ ।

१०. छनौट प्रक्रियाको गोपनियता र मर्यादालाई ख्याल गरी छनौट समितिले सम्बन्धित विषय विज्ञबाट अन्तरवार्ता,प्रयोगात्मक परिक्षा र अवलोकन कक्षा संचालन गर्न सक्ने छ ।

११. सम्बन्धित तहको न्युनतम शैक्षिक योग्यताको प्रथम द्वितीय र तृतीय श्रेणीका लागि क्रमशः ५.४.र ३ अंक प्रदान गरिनेछ । २० पुर्णाकको अन्तरवार्ता निम्न अनुसार विभाजन गरिने छ ।( जिपिए उल्लेख भएको ग्रेडसिटलाई श्रेणीका आधारमा प्रचलित नियम बमोजिम अंक प्रदान गरिने छ । लिखित तथा अन्तरवार्ताको लागि तपसिलको विशिष्टीकरण तालिकाको प्रयोग गरिने छ ।

| | |
|---|---|
| लिखित परिक्षा | ८० |
| विषयवस्तु र शिक्षण विधिको ज्ञान | १० |
| व्यक्तित्व | ५ |
| प्रस्तुतीकरण | ५ |

अन्तरवार्ताको अंक प्रदान गर्दा ४०% भन्दा कम र ८०% भन्दा बढी अंक दिनु परेमा स्पष्ट कारण खुलाउनु पर्ने छ ।

१२. सम्बन्धित तहको तोकिएको विषयमा आवश्यकता अनुसार छनौट तथा सिफारिस समितिले निर्णय गरि २० पुर्णांकको प्रयोगात्मक परिक्षा/कक्षा अवलोकन संचालन गर्न सकिनेछ ।

१३. पालिका शिक्षक छनौटका लागि स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

१४. छनौट तथा व्यवस्थापन उप समितिले उम्मेदवारको औषत प्राप्तांक निकाली छनौट समितिमा पेश गर्नु पर्ने छ ।

१५. छनौट समितले अन्तिम नतिजा प्रकाशन गरि पालिका शिक्षक नियुक्तिका लागि नगरपालिका समक्ष नतिजा सहित पठाउनु पर्नेछ । अन्तरवार्ताको नतिजा वर्णानुक्रम अनुसार र अन्तिम नतिजा योग्यताक्रम अनुसार प्रकाशन गरिनेछ ।

१६. यसरी छनौट भएका उम्मेदवारलाई नगर शिक्षा समितिले वितरण गरिएको विधालयगत कोटा बमोजिम नतिजा प्रकाशन भएको ७ दिनभित्र शिक्षा शाखाले तोकेको ढांचामा करार सम्झौता गराई पालिका शिक्षकलाई करार नियुक्ति दिनु पर्नेछ । विधालय व्यवस्थापन समितिले करार सम्झौता गरि पठाएको पालिका शिक्षकलाई हाजिरी गराई हाजिर भएको जानकारी शिक्षा शाखामा पठाउनु पर्नेछ । त्यस्ता पालिका शिक्षकको अभिलेख शिक्षा शाखाले छुटै बनाइ तथ्यांक राखिने छ ।

१७. सिफारिस भएका उम्मेदवारहरु पर्खाइ सुचिमा समेत रहने छन् । तत्काल नियुक्त भएर बाँकी रहेका पर्खाइ सूचिका उम्मेदवारहरुलाई नगर शिक्षा समितिले विधालयलाई कोटा वितरण गरेमा सिफारिस समिति मार्फत विधालयमा सिफारिस गरि पठाइने छ । तर शैक्षिक सत्र बित्न एक महिना वा सो भन्दा कम अवधि भएमा वा शैक्षिक

सत्र समाप्त भएमा सो पर्खाइ सुची स्वत समाप्त भएको मानिने छ । नियुक्तिका लागि सिफारिस भएको उम्मेदवार तोकिएको समय सिमा भित्र हाजिर नभएमा वा अन्य कुनै कारण देखाई राजिनामा दिएर खालि भएमा पर्खाइ सूचीबाट विषय मिल्ने उम्मेदवारलाई योग्यताक्रमको आधारमा नियुक्ति दिइनेछ ।

१८. कुनै व्यक्तिले परीक्षाको गोपनियता भंग गरेमा वा गर्न लगाएमा र यस्ता अन्य परीक्षाको मर्यादा भंग हुने कुनै कार्य गरे गराएमा प्रचलित ऐन नियम अनुसार कारवाही गरिनेछ ।

१९. पालिका शिक्षकको एक विधालयबाट अर्को विधालयमा सरुवा हुने छैन ।

२०. पालिका शिक्षकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

क) हप्तामा न्युनतम २४ वटा कक्षा ( पिरियड ) अध्यापन गर्नु पर्ने छ । विधालयले कार्य तालिकामा सो भन्दा बढी कक्षा तोकेमा अधिकतम ३२ पिरियड सम्म अध्यापन गर्नु पर्ने छ ।

ख) पाठ्यक्रमले निर्धारण गरे बमोजिम औपचारिक परिक्षा तथा निरन्तर मुल्यांकन प्रणालीको प्रयोग गरि अध्यापन गरेको विषयमा विधार्थीको शैक्षिकस्तर मुल्यांकन गर्नु पर्ने छ ।

ग) विधालयले तोकेका अन्य कार्यहरु गर्ने ।

**२१. पालिका शिक्षकको अवकाश सम्बन्धि व्यबस्था :**

१. पालिका शिक्षकलाई देहायको अवस्थामा प्रधानाध्यापकले अवकाश दिन सक्ने छ :-

क) सम्झौता बमोजिमको अबधि समाप्त भएमा

ख) शारीरिक अवस्थाका कारण नियमित कामकाज गर्न असमर्थ भएमा

ग) खराब आचरण प्रदर्शन गरेमा

घ) बिना सुचना पांच दिन सम्म विधालयमा अनुपस्थित रहेमा

ङ्) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा

च) विधार्थीको शिक्षण सिकाइमा असर पार्ने तथा मर्यादा विपरित कार्य गरेमा

२. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा १ को खण्ड च बमोजिमको अवस्थामा विधालय व्यबस्थापन समितिले पर्याप्त आधार र प्रमाण सहित निर्णय गरि हटाउन सक्ने छ । तर त्यसरी हटाउनु अधि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद - ३

## पालिका शिक्षकको सेवा सम्बन्धि शर्त

**२२. पालिका शिक्षकको सेवा शर्त :**

१) पालिका शिक्षकको कार्य अवधि बढीमा नियुक्ति भएको मितिले एक शैक्षिक सत्रको हुने छ ।

२) पालिका शिक्षकले नियुक्ति भएको विधालयमा उपस्थित भै तोकिएको विषयमा नियमित शिक्षण गर्नु पर्ने छ ।

३) पालिका शिक्षकले सम्झौतामा तोकिए बमोजिमको शर्त अनिवार्य रुपमा पालना गर्नु पर्ने छ ।

## २३. पालिका शिक्षकलाई दिइने सुविधा :

१) कार्य गरेको दिन वाल शिक्षक भए प्रति दिन रु ५००/- आधारभूत तह कक्षा १-५ का लागि शिक्षण गर्ने भए प्रतिदिन रु ६००/- आधारभूत तह कक्षा ६-८ का लागि शिक्षण गर्ने प्रतिदिन रु ८००/- माध्यमिक तह कक्षा ९-१०का लागि शिक्षण गर्ने भए प्रतिदिन रु १०००\- र कक्षा ११-१२ मा अध्यापन गराउने भए प्रतिदिन रु १२००/- दैनिक पारिश्रमिक उपलब्ध गराइने छ ।

२) दफा २२ को उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले समय सापेक्ष अनुरुप पारिश्रमिक तथा अन्य सुबिधा थपघट गर्न सकिने छ ।

३) सार्वजनिक बिदा तथा शनिवार रुजु हाजिर सरह गणना गरिने छ ।

## २४. पालिका शिक्षकको बिदा

१. पालिका शिक्षकले देहाय बमोजिम बिदा पाउने छ ।

क) विधालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन भैपरी आउने वा पर्व बिदा

ख) आफ्नो रिति र परम्परा अनुसार बढीमा पन्द्रह दिन क्रिया बिदा

ग) पालिकाको शिक्षकको बिदा स्वीकृत सम्बन्धित विधालयको प्रधानाध्यापकले गर्ने छ र सोको रेकर्ड अध्यावधिक राखु पर्ने छ ।

**२५. पालिका शिक्षकको पारिश्रमिक भुक्तानी प्रक्रिया :**

क) हरेक महिना समाप्त भएको मितिले ३ दिन भित्रमा विधालयले पालिका शिक्षकको हाजिर प्रमाणित गरि हाजिर प्रतिलिपि र रकम मागको पत्र शिक्षा शाखा मार्फत पेश गर्नु पर्ने छ । सो प्राप्त भे पश्चात शिक्षा शाखाले विवरण तयार गरि भुक्तानीका लागि लेखामा पेश गर्नु पर्ने छ । लेखा शाखाबाट सोझै शिक्षकको खातामा वा सो नभए सम्बन्धित विधालयको खातामा भुक्तानी गरिनेछ ।विधालय मार्फत गरिएको भुक्तानी भएमा विधालयले सो रकम प्राप्त भए पश्चात सम्बन्धित शिक्षकको खातामा रकम जम्मा गरि सोको भरपाई शिक्षा शाखामा पेश गर्नुपर्ने छ ।

अनुसूची १

दरखास्त फारम

एक्सेल सिट अनुसार

# अनुसूची - २

## करारनामा

यस नगराईन नगरपालिकाको पुर्व प्राथमिक/प्राथमिक/निम्न माध्यमिक/कक्षा ११/१२ तहको........... विषयमा पालिका शिक्षक करार कोटामा नगराईन नगर पालिकाको पालिका वाल शिक्षक तथा शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि २०७९ अनुसार सेवा करारमा राखी देहाय बमोजिमको काम काज गर्ने गराउने विषयमा श्री नगराईन नगर पालिका धनुषा (जसलाई यस पछी प्रथम पक्ष भनिने छ ) र ............ जिल्ला..................... गा.पा/न.पा वार्ड न ........ स्थायी ठेगाना हुने श्री .................................... ..... (जसलाई यसपछि दोश्रो पक्ष मानिने छ ) को बिचमा मिति २०.../..../.... गते नगर शिक्षा समितिको निर्णय अनुसार भएको

## करार सम्झौता पत्र

दोश्रो पक्षले यस विधालयलाई पुर्याउनु पर्ने मुख्य मुख्य कार्यहरुको विवरण

१) नगराईन नगरपालिकाको पालिका शिक्षक वाल शिक्षक तथा शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि २०७९ तथा नियमावली र प्रचलित कानुनमा भएको विधालयको शिक्षकको पालना गर्नु पर्ने आचार संघहिता पालन गर्ने ।

२) विधालयको समयमा दैनिक समय तालिका अनुसार कक्षा विषयहरुको पठन पाठन गर्ने

३) विधालयले तोकिए बमोजिम विधार्थीहरुको नियमित आवधिक मुल्यांकन गरि नतिजा प्रकाशन गर्ने ।

४) वि.व्य.स.ले समय समयमा गरेको शिक्षिक निर्णयहरु कार्यान्वय गर्ने गराउने ।

५) शैक्षिक क्रियाकलापमा आवश्यक शैक्षिक सामग्री सन्दर्भ सामग्री आदिको संकलन संरक्षण तथा उचित प्रयोग गर्ने ।

६) विधार्थीहरुलाई समय समयमा अतिरिक्त क्रियाकलाप तथा सह क्रियाकलापमा सक्रिय गराउने ।

७) आफुले अध्ययन गरेको विषयको नतिजा विश्लेषण मा उपलब्धि स्तर कम भएमा सोको जवाफदेही हुनु पर्ने ।

८) दोश्रो पक्षले आफ्नो जिम्मामा रहेको नगदी तथा जिन्सी सामानहरु हिफाजतको साथ प्रयोग गरि कार्य सम्पन्न भएपछी विधालयमा (प्रथम पक्ष) लाई बुझाउनु पर्ने छ ।

९) विधालयको प्र.अ.को मातहतमा रही तोकिएको कामकाज गर्ने ।

१०) प्रचलित ऐन नियमावली , निर्देशिका तथा सम्बन्धित निकाय नगर पालिका र वि.व्य.स.ले पारित गरेका निर्देशनहरु पालना गर्ने ।

११) माथि उल्लेखित सेवा वापत प्रथम पक्षले दोश्रो पक्षलाई निम्न सेवा सुविधा उपलब्ध गराउने छ र सेवा सम्बन्धि अन्य शर्तहरु देहाय बमोजिम हुने छ ।

क) नगराईन नगरपालिकाको पालिका शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि २०७९मा तोकिए बमोजिमको पारिश्रमिक र अन्य सुविधा दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।

ख) नगराईन नगरपालिकाको पालिका शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि २०७९मा तोकिए बमोजिमको बिदा दिइनेछ ।तर बिदा संचित हुने छैन ।

ग) विधालयको कामको शिलशिलामा विधालय बाहिर जानु परेमा ऐन तथा नियमावलीमा तोकिए बमोजिमको सुविधा दोश्रो पक्षलाई उपलब्ध गराइने छ ।

घ) सम्झौतामा उल्लेखित भए भन्दा बढी रकम सुबिधाको दाबि दोश्रो पक्षले गर्न पाउने छैन ।

ङ) दोश्रो पक्षले करार अवधि समाप्त भए पश्चात कुनै सुविधा वा शर्त राख्न तथा दावा गर्न पाउने छैन ।

च) दोश्रो पक्षको काम सन्तोषजनक नभएमा सम्बन्धित विधालयबाट नियमानुसार प्रक्रिया पुर्याई मात्र सम्झौता भंग गर्न सक्ने छ ।

यो सम्झौता हाजिर भएको मिति देखि यसै शैक्षिक सत्रको अन्त्य सम्म कायम रहने छ ।

| प्रथम पक्ष | रोहवर | दोश्रो पक्ष |
|---|---|---|
| नाम थर :<br>ठेगाना :<br>पद : प्रमुख प्रशाकीय अधिकृत<br>दस्तखत :<br>मिति | नाम थर :<br>ठेगाना :<br>पद :<br>दस्तखत :<br>मिति | नाम थर :<br>ठेगाना :<br>पद : पालिका शिक्षक<br>दस्तखत :<br>मिति |

प्रमाणिकरण मिति : २०८०/०१/०६ गते

आज्ञाले,
**राम गुलाम लाल कर्ण**
प्रमुख प्रशासकीय अधिकृत